नेपाल राजपत्र

भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काटमाडौं, चैत १४ गते २०३३ साल [अतिरिक्ताङ्क ४६ (घ)

शाही–सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०३३ साल चैत्र १४ गते ...तको एक साताको अनौपचारिक भ्रमणमा सवारी होइबक्सनु अगाडि राष्ट्रका नाममा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:–

प्यारा देशवासीहरू,

आज हामी काँची कामकोटी पीठका जगद्गुरू शंकराचार्य श्री जयेन्द्र सरस्वती स्वामीगलको निमन्त्रणामा एक साताको अनौपचारिक भ्रमणमा भारत जान लागेका छौं । यस अवधिमा हामीबाट मदुराईमा धर्म, दर्शन तथा संस्कृतिसम्बन्धी विश्वसम्मेलनको उद्घाटन हुनेछ । हामीलाई आशा छ– हाम्रो यस भ्रमणले धार्मिक तथा साँस्कृतिक सम्पर्कहरूको नवीकरण गर्नुका साथै हाम्रा दुई देशका बीच रही आएको मैत्रीपूर्ण सम्बन्धलाई अझै सुदृढ पार्न पनि मद्दत पुऱ्याउनेछ ।

१०५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो अनुपस्थितिमा हामीबाट हेरिबक्सिने कार्यका लागि हाम्रा भाइ श्री ५ अधि-राजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरि-बक्सेका छौं । मुलुकको भैपरि आउने अन्य दैनिक कार्यको निमित्त मन्त्रिपरिषद् छँदैछ । समस्त राष्ट्रसेवक तथा देशवासीहरूले नेपाल र नेपालीको भलाइ सोची मुलुकमा अमनचैन कायम राख्न आ–आफ्नो क्षेत्रबाट सहयोग प्रदान गर्नेछन् भन्ने हामीले विश्वास गरेका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मदन पुरस्कार प्रतिष्ठान

9098

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।